आज मिति २०७९।०९।२१ गतेका दिन हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र वहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री मुकुन्द राज पौडेल | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

| | | |
|---|---|---|
| | | |
| अन्य उपस्थिति | | |
| श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| श्री नोल बहादुर थापा | सहायक पाचौं(ना.सु ) | |
| श्री लाल चन गैहे | लेखापाल | |

श्री परशुराम ढिम्देल प्रदीप पाण्डे

प्रस्तावहरु

१.गत बैठकको समिक्षा सम्बन्धमा ।

२.पुकोट पर्यटन पूर्वाधार योजनाको रकम भुक्तानी सम्बन्धमा ।

३.हरिनास दग्दी मोटरबाटो योजनाको रकमभुक्तानी सम्बन्धमा

४.बिभिन्न योजना तथा कार्यक्रमको लागि रकम बिनियोजन गर्ने सम्बन्धमा ।

५.भलिवल खेलाडी लाई रकम प्रदान

६.एकीकृत कृषि तथा पशुपन्छी फर्मलाई हरिनास ६ लाई रकम बिनियोजन सम्वन्धमा

७पकेट बिकास अन्तर्गत कार्यक्रम संचालन गर्ने समुह छनौट सम्बन्धमा ।

८.पिपिआर भ्याक्सिन कार्यक्रम संचालनको लागि बजेट प्रदान सम्बन्धमा ।

९.आर्थिक सहायता सम्बन्धमा ।

१०.१२ औं गाउँ सभा सम्बन्धमा ।

११.आन्तरिक राजश्व सुधार कार्ययोजना सम्बन्धमा ।

१२.अन्य बिबिध सम्बन्धमा ।

१.प्लाष्टिक टनेल खरिद सम्बन्धमा ।
२.प्लाष्टिक पाइप ,तरजाली खरिद सम्बन्धमा ।
३.प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रम संचालन सम्बन्धमा ।
४.पालिका केन्द्र देखि ढुंगेठाटी सम्मको मोटर बाटो निर्माण सम्बन्धमा ।
५.स्वास्थ्य क्षेत्रको बिशेष अनुदान अन्तर्गत संघीय सरकार तथा राष्ट्रिय योजना आयोग समक्ष योजना पेश गर्ने सम्बन्धमा ।
६.कर्मचारी व्यवस्थापन सम्बन्धमा

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यापलिका बैठकमा भएका निर्णयहरुको समिक्षात्मक गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा पुर्कोट पर्यटन पूर्वाधार योजना अन्तर्गत हरिनास ६ दग्दी देखी पुर्कोट सम्मको सडक निर्माण कार्यको लागिए २५००००|लाखमात्र

विनियोजन भएकोमा उक्त योजना सम्पन्न भई सम्बन्धित उपभोक्ता समितिबाट रकम को अन्तिम किस्ता भुक्तानीको लागि माग भएकोमा प्राविधिक लागत इष्टिमेट अनुसार उक्त योजनाको अन्तिम मुल्यांकनमा २२१५६३६।०७ बाइसलाख पन्ध्र हजार छ सय छत्तिस रुपया शुन्य सात पैसा मात्रा भएकोले सो योजनाको रकम भुक्तानी गर्ने निर्णय गरियो ।साथै अन्य सम्पन्न भएका योजना हरुबाट रकम माग भइ आएमा नियामानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथी छलफल गर्दा हरिनास दग्दी सडक खण्डको काम सम्पन्न भइ सम्बन्धित उपभोक्ता समितिबाट पे.फ. गरि अन्तिमकिस्ता भुक्तानीको माग भएकोमा सो योजनाको लागि विनियोजित रकम रु १००००००।दश लाख मात्र मुल्याकंको आधारमा रकम भुक्तानी गर्ने गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं ४ माथी छलफल गर्दा हरिनास गाउँपालिकाअन्तर्गतका निम्न योजना तथा कार्यक्रम को लागि तपशिल बमोजिमको रकम् निम्न शीर्षकबाट रकम प्रदान गर्ने निर्णय गरियो ।

| क्रस | योजना तथा कार्यक्रमको नाम ठेगाना | विनियोजित रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | इन्द्रेणी युवा क्लब हरिनास ४ कार्यक्रम सहयोग | १३००००।एक लाख तिस हजार | जनता संग कार्यक्रम अध्यक्ष बाट | |
| २. | जन जागरण युव क्लब हरिनास ६ स्याङ्जा साउद सिस्टम खरिद | २९५००।उन्नातिस हजार पांच सय | जनता संग अध्यक्ष कार्यक्रम बाट | |
| ३. | बालज्योति आधारभुत बिद्यालय हरिनास ४ खापा जडानको लागि | १७०००। सत्र हजार | जनतासंगअध्यक्ष कार्यक्रमबाट | |
| ४. | वडा २ को कार्यालयको बिद्युत जडान तथा वायारिंग | ६००००।साठी हजार | जनतासंग अध्यक्ष कार्यक्रमबाट | |
| ५. | मिलिजुली सरस्वती आमा समुह हरिनास-४ समुह भवन व्यवस्थापन सामाग्री को लागि | ३१००००।तिन लाख दश हजार | जनतासंग अध्यक्ष कार्यक्रमबाट | |
| ६. | जनहित लांघाली यूव क्लब हरिनास ४ करान्स्वारा | १५००००।एक लाख पचास हाजर मात्र | जनतासंग अध्यक्ष कार्यक्रमबाट | |

निर्णय नं.५ प्रस्ताव नं ५ माथी छलफल गर्दा हरिनास गाउँपालिकाको तर्फबाट नवलपरासीमाभलिवल खेलमा सहभागिता जनाउदा भालिवल खेल क्याप्टेन याम नारायण मानन्धरको नेतृवमा मैना बिकास मंच नवलपरासीमा खेल खेल्न जादा आउदाको तथा खेलाडी व्यवस्थापन वापत रु ३१५००।मात्र जनता संग अध्यक्ष शीर्षक बाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं ६ माथी छलफल हरिनास गाउँपालिका वडा ६ मा रहेको दग्दी एकीकृत कृषि तथा पशु पंक्षी समुहलाई कृषि तथा पशुपंक्षी कार्यविधि अनुसार रु २५००००।दुइ

लाख पचास हजार मात्र कृषि तथा पशु कार्यक्रम को बजेट शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं ७ माथी छलफल यस गाउँपालिकाको २०७९/०८/१४ गतेको बैठको निर्णय अनुसार पकेट बिकास कार्यक्रम(बाखा र च्याउ) संचालनको लागि सुचना प्रकाशन गरिएकोमा प्रास भएका दरखास्त उपर कार्यविधि अनुसार मापदण्ड पुरा गरेका तपशिल बमोजिमका क्षेत्रमा निम्न कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्रस | कार्यक्रम साचालनको लागि छनौट भएका फर्म समुहको नाम | ठेगाना | छनौट भएको कार्यक्रमको नाम | कै |
|---|---|---|---|---|
| १ | चित्रे कृषक समुह | हरिनास ४ | च्याउ पकेट | |
| २ | कोटथर कृषक समुह | हरिनास ६ | बाख पकेट | |

निर्णय नं.८ प्रस्ताव नं ८ माथी छलफल हरिनास गाउँपालिका भित्र रहेका बाखामा लाग्ने पिपिआर रोग बिरुद्द पिपिआर भ्याक्सिन संचालनको लागि रु८००००|असि हजार मात्र कृषि तथा पशु कार्यक्रमको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं ९ माथी छलफल हरिनास गाउँपालिकमा आर्थिक सहायताका लागि माग भइ आएकोमा देहाय बमोजिमका सस्था तथा व्यक्तिलाई आर्थिक सहायता कार्यविधी अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्रस | सस्था/व्यक्तिको नाम | ठेगाना | सहायता रकम रु |
|---|---|---|---|
| १ | अन बहादुर हिस्की | हरिनास ६ स्याङ्गजा | २००००|बिस हजार मात्र |
| २ | नानु माया नेपाली | हरिनास ५ | १५०००|पन्ध्रहजार मात्र |

निर्णय नं.१० प्रस्ताव नं १० माथी छलफल हरिनास गाउँपालिका को १२ औ गाउँ सभा मिति २०७९/०९/२९ गते दिनको १२:३०बजे गाउँपालिकाको सभा कक्षमा आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.११ प्रस्ताव नं ११ माथी छलफल हरिनास गाउँपालिकाको आन्तरिक राजश्व सुधारको लागि कार्ययोजना निर्माण सम्बन्धमा मिति २०७९/०८/०९ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखरा र हरिनास गाउँपालिका बीच भएको सम्झौतालाई अनुमोदन गरि सो कार्यलाई सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ (संशोधन सहित) बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.१२ (१) प्रस्ताव नं १२ (१) माथी छलफल हरिनास गाउँपालिकाको कृषि तथा पशु कार्यक्रम तर्फको रकम मध्येबाट कार्यालयले रु ५०००००| पांच लाख रकमको पलाष्टिक टनेल खरिदगरि कृषकलाई वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ (२ ) प्रस्ताव नं १२ (२) माथी छलफल गर्दा गाउँ पालिकाको कार्यालयबाट साना तिना योजना तथा तत्काल मर्मत गरि ग्याबिन गर्नु पर्ने तथा ससाना खापा मा सहयोग उपलब्ध गराउनु पर्ने अवस्थालाई मध्ये नजर राख्दै माथी उल्लेखित

सामाग्री खरिदको लागि ५/५ लाख रुपया को पाइप तथा तारजाली खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.१२(३) माथी छलफल गर्दा प्रधान मन्त्रि रोजगार कार्यक्रम अन्तर्गत निम्न योजना तथा कार्यक्रम को लागि रकम विनियोजन भइ आएको हुदा सोहि बमोजिम कार्यकमको कार्य बिधी बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| कस | कार्यक्रम तथा योजना संचालन हुने वडा | योजनाको नाम | विनियोजित रकम | कै |
|---|---|---|---|---|
| १ | २ | चिसापानी नर्जा गैरिस्वारा गोरेटो बाटो मर्मत तथा सम्भार<br>तारा पर्सेभाटगुर्जा गोरेटो बाटो मर्मत तथा सम्भार | ८९६०००। | |
| २ | ३ | मैया छहारा,केवारे पिपलस्वारा गोरेटो बाटो मर्मत तथा सम्भार<br>वुम्दी,पुतपुते,धुपडांडा राहाले गोरेटो बाटो मर्मत तथा सम्भार | ९६००००। | |
| ३ | ४ | बाहुंदिही ,राम्चे चित्रे भित्रि गोरेटो बाटो मर्मत अठा सम्भार | ६४००००। | |
| ४ | ५ | कालो मुढा वानापोखारीगोरेटो बाटो ,कुरुम्फा मर्मत तथा सम्भार<br>घ्याउ स्वारा पल्लओवारी गोरेटोवाटो मर्मत तथा सम्भार | ६४००००। | |

निर्णय नं.१२(४)प्रस्ताव नं १२(४) माथी छलफल गर्दा हरिनास गाउँपालिका केन्द्र देखि शाखे जुदिफांट ढोरबाराही हुदै दुलेगौडा सम्मको मोटर बाटो निर्माणको कममा रहेको र उक्त योजनाको निर्माण स्थलको अन्तिम बिन्दुबाट करिव ५०० मिटरको मोटर बाटो खण्ड बाँकी हुन् आउने र पालिका केन्द्रबाट पश्चिम तर्फको उक्तबाटो मिर्दी

भिमाद खण्ड पक्कि निर्माण कै क्रममा रहेको हुदा उक्त खण्डलाई अवश्यक बजेको व्यवस्थापन गरि निर्माण गराई दिन पूर्वाधार कार्यालय स्याङ्जा तथा भौतिक योजना मन्त्रालय गण्डकी प्रदेश तथा अन्य सरोकार वाला निकाय समक्ष माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१२(५) प्रस्ताव नं १२(५) माथी छलफल गर्दा आव २०८०/०८१ मा संघिय सरकारबाट संचालन हुने योजना तथा कार्यक्रमहरु पेश गर्न राष्ट्रिय योजना आयोगबाट योजना तथा कार्यक्रमको प्रस्ताव माग भई आएकोमा निम्न योजना तथा कार्यक्रम संचालनको लागि राट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो ।

तपशिल

निर्णय नं.१२(६) प्रस्ताव नं १२(६) माथी छलफल गर्दा निम्न बमोजिमका कर्मचारीलाई निम्न बमोजिम कार्य क्षेत्र परिवर्तन गर्ने निर्णय गरियो ।

| क्रस | नामथर | पद | हालकार्यरत कार्यालय | कामकाजको लागि खटाईएको कार्यालय | |
|---|---|---|---|---|---|
| १ | लाल बहादुर थापा | अहेव सहायक चौथो | बरातु सामुदायिक स्वास्थ्य इकाई | हरिनास गापाको कार्यालय स्वास्थ्य शाखा | |

निर्णय नं.१२(७)प्रस्ताव नं १२(७) माथी छलफल गर्दा यस हरिनास गाउँपालिकामा आ.व. २०८०/०८१ मा निम्न अनुदान अन्तर्गत निम्न योजना तथा कार्यकमहरुलाई योजना तथा कार्यक्रममा समावेश गरि बजेट बिनियोजन को लागि रींष्ट्रिय योजना समक्ष माग गर्ने निर्णय गरियो ।

आर्थिक बर्ष २०८०/०८१ मा बिभिन्न क्षेत्रमा समपुक,बिशेष अनुदान अन्तर्गत प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरु

स्थानीय तहको नामः- हरिनास गाउँपालिका जिल्लाः-स्याङ्जा

गण्डकी प्रदेश नेपाल

१) प्रस्तावित योजना तथा कार्यक्रमहरु

| क्रस | क्रियाकलाप शीर्षक | इकाई /परिमाण | पटक | प्रस्तावित बजेट | प्राथमिकता नं. | माग गरिएको अनुदान शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका कार्यालयकोको प्रसाशकीय भवन निर्माण योजना हरिनास-४ | १ | १ | ६००००००० | १ | आव २०८०/०८१ को समपुरक अनुदानतर्फ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | मग्याम चिसापानी आधारभूत अस्पताल निर्माण योजना हरिनास-३ क्रमागत | १ | १ | १८५००००० ० | क्रमागत | आव २०७९/८० को विशेष अनुदान,क्रमागत योजना |
| ३ | दग्दीकुलिंखोला खोला पक्कि मोटर बाटो निर्माण योजना ४.५कि.मी. हरिनास ६-७ | ४.५ किमी | १ | १०००००००० ० | २ | आव २०८०/०८१ को समपुरक अनुदानतर्फ |
| ४ | गाउँपालिका खानेपानी योजना क्रमागत हरिनास-४ | १ | १ | ० | क्रमागत | आव २०७९/८० को क्रमागत योजना |
| ५ | दोभान स्लब ब्रिज निर्माण योजना | १ | १ | ३००००००० | ३ | आव २०८०/०८१ को समपुरक अनुदानतर्फ |
| ६ | प्यार्सिंग टारा ग्रामिण सडक निर्माण ७ किमी | ७ किमि | १ | १४००००००० | ४ | |
| ७ | हरिनास काभेघाट बसनडाँडा ग्रामिण सडक ८ किमी | ८ किमी | १ | २०००००००० | ५ | आव २०८०/०८१ को समपुरक अनुदानतर्फ |
| ८ | सुनौलो १००० दिनका आमा तथा बच्चा लक्षित विभिन्न दिवस मनाउने कार्यक्रम | ७ | २० | ३००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| ९ | स्वास्थ्य आमा समुहमा सुनौलो १००० दिन लक्षित स्वास्थ्य आमा समुह बैठक संचालन खाजा खर्च अनुगमन,सुपरिवेक्षण समेत | ३३ | ३९६ | ८९२००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १० | स्वास्थ्य बच्चा प्रतिष्पर्धा कार्यक्रम संचालन | ७ | १ | ७०००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| ११ | स्वास्थ्य आमा समुह मा सुनौलो १००० दिन लक्षित आमाहरुलाई बिउ बिजन तथा प्रबिधी हस्तान्तरण | ७ | १ | ३५०००० | १ | आव २०८०/०८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १२ | पोषण कर्नर र स्तनपान कक्ष,निर्माण संचालन ,Flex poster र पोषण सम्बन्धी सचेतना सामाग्री टाँस्ने | ९ | १ | ३००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १३ | बिद्यालय स्वास्थ्य पोषण कार्यक्रमको समिक्षा र योजना तर्जुमा | १ | १ | १००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १४ | वालवालालिकाको पोषण अवस्था लेखाजोखा तथा सुधार कार्यक्रम पोषिलो खाना प्रदर्शनी | ३३ | १ | ३३००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १५ | पोषण संवेदनशिल(खानेपानी,तथा सरसफाई ,कृषि पशु,महिला तथा वालवालिका शिक्षा,र शासकीय प्रबन्ध क्षेत्रका कार्यक्रम | ७ | ३ | २१०००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १६ | सामुदायिक बिद्यालयहरुमा Hand Washing Corner निर्माण | ३१ | १ | ६२०००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १७ | पोषण सन्देश सम्बन्धी होडिंगबोर्ड राख्ने (ठुला र स्थायी प्रकृतिका) | ६ | १ | ६००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| १८ | स्वास्थ्य र पोषण कार्यक्रमको अनुगमन सुप्रिवेक्षण | १२ | १२ | १००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | स्वास्थ्य सस्थाको अन्तरिक सुधार तथा व्यवस्थापन | ९ | ९ | ९००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २० | स्वास्थ्य सस्था नभएका वडामा स्थापना भएका स्वास्थ्य सस्थाको भवन निर्माण वडा १,२,४,५, | ४ | ४ | २४०००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २१ | खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत स्वास्थ्य सस्थामा खानेपानीको व्यवस्थान,प्रशोधन स्थान निर्माण | ३१ | १ | १५००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २२ | स्वास्थ्य सस्थामा औषधी उपकरण,औजार खरिद | १ | ९ | २००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २३ | स्वास्थ्य सस्थामा DHS२ d rins संचालनको कम्प्युटर प्रिन्टर खरिद सवै ९ वटै स्वास्थ्य सस्थामा | ९ | १ | ९००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २४ | बर्थिंगसेन्टर स्थापना तथा संचालन चित्रे भन्ज्यांग स्वास्थ्य चौकी तलव भत्ता समेत | १ | | ९००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २५ | आधारभुत प्रयोगशाला स्तर उन्नती मग्याम चिसापानी,चित्रे भन्ज्यांग र क्याक्मी स्वास्थ्य चौकी | ३ | १ | ९००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २६ | टी.बी. फ्री पालिका कार्यकम संचालन | १ | १ | २००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | तर्फ |
| २७ | ३ वटा स्वास्थ्य चौकीमा बैकल्पिक उर्जाको व्यवस्थापन कार्यक्रम | ३ | १ | १२००००० | १ | आव २०८०/०८१ को विशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २८ | Maternity Waiting Home निर्माण | ३ | १ | १२००००० | १ | आव २०८०/०८१ को विशेष अनुदान(स्वास्थ्य) तर्फ |
| २९ | किशोर किशोरी मैत्री स्वास्थ्य सस्था विस्तार व्यवस्थापन तथा सरोकारवालाको अभिमुखीकरण,अन्तरक्रिया तथा किशोर किशोरी छलफल कार्यक्रम | ७ | १ | ६००००० | १ | आव २०८०/०८१ को विशेष अनुदान(स्वास्थ्य) तर्फ |
| जम्मा | | | | ७५४३४२००० | | |